श्रमको सम्मान गरौं ।
Let's respect labour !

श्रम शक्ति नै राष्ट्र शक्ति हो ॥
Labour Force is Nation Force !!

# Nepal Trade Union Congress
# नेपाल ट्रेड युनियन काँग्रेस
## राष्ट्रिय समिति

NTUC

च.नं Ref. No.: ५७८-२०७६/७७

मिति Date: मिति :२०७६ चैत्र १८

माननीय ईश्वर पोखरेलज्यू,
कोरोना भाइरस रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समितिका संयोजक एवं उपप्रधानमन्त्री
नेपाल सरकार
सिंहदरवार, काठमाडौँ |

**विषय : ध्यानाकर्षण पत्र |**

महोदय,

नेपाल ट्रेड युनियन काँग्रेस नेपालको समग्र श्रमजीवीहरुको प्रतिनिधित्व गर्ने मुलुक कै एक मात्र प्रजातान्त्रिक ट्रेड युनियन महासंघ हो | हालको कोभिड -१९ महामारीको सम्बन्धमा यस महासंघले नेपाल सरकार लाई आफ्ना बिज्ञप्ती मार्फत विभिन्न समयमा सुझावहरु दिदै आएको स्मरण गराउदछु | भर्खरै मात्र नेपाल सरकारले यहाँको संयोजकत्वको समितिले दिएको सुझाव अनुसार गरेका निर्णयहरु अहिलेको समस्या समाधानका लागि पर्याप्त र प्रभावकारी नभएको यस महासंघको ठहर रहेकोले त्यस समिति मार्फत यस महासंघ नेपाल सरकारको ध्यानाकर्षण गराउन चाहन्छ |

माननीयज्यू,

कोभिड-१९ को महामारी विश्वका १८६ वटा मुलुकमा देखिएको छ र फैलेने क्रम जारी छ | यस रोगले आज सम्पूर्ण विश्व समुदाय आक्रान्त बनेको छ | यस भाइरस संग लड्न र यस माथि विजय प्राप्ति गर्न २१औं शताव्दीको बिज्ञान, प्रविधि र सम्पूर्ण विकसित मुलुकहरुको लागि चुनौती बनेको छ | चुनौती केवल यसको उपचार पद्धति वा औषधि पत्ता लगाउनुमा मात्रै नभई त्यस संग प्रत्यक्ष र अप्रत्यक्ष रुपमा जोडिएका बिभिन्न व्यवधानहरु संग सम्बन्धित रहेको यहाँ लाई अवगत नै छ | त्यसमा पनि हाम्रो जस्तो विकासोन्मुख र निम्न आय भएको मुलुक, यहाँको आम जनता र सम्पूर्ण श्रमिकहरुको दैनिक जीवनयापनमा आउने समस्याहरु लाई गम्भीर र जिम्मेवार भएर हेर्नु पर्ने आजको महत्वपुर्ण विषय हो | पहिलो व्यक्ति संक्रमित भएको दुई महिना पछि जम्मा ५ जना संक्रमित पत्ता लाग्नु र आज सम्म जम्मा १,००० जना भन्दा कम विरामीको मात्र परिक्षण हुनुले नेपाल सरकार बर्तमान संकट र समस्या प्रति पूर्ण रुपले संवेदनशील नभएको देखिन्छ | यस्तो विषम परिस्थितिमा हालको लकडाउनको कारण आम श्रमजीवीहरु सुरक्षा लगायत खाद्य आपूर्तिका विभिन्न समस्याहरु भोग्न बाध्य भएका छन् त्यसको निराकरणको लागि यस महासंघ देहायका सुझावहरु कार्यान्यिब्यनका लागि अनुरोध गर्दछ |

Binayaknagar, Bulbule Marga, Kathmandu-10, Nepal
P.O.Box: 5507, Tel.:+977-1-5244954, Fax: +977-1-5244959, Email: info@ntuc.org.np
ntucoffice@gmail.com
www.ntuc.org.np

१. WHO को मापदण्ड अनुरुप स्वास्थ्यकर्मीहरुका लागि आवश्यक र गुणस्तरीय उपकरण, औजार, सामाग्री र Personal Protective Equipment (PPE) को व्यवस्थापन सहित निजहरुको पारवारिक जोखिम कम गर्न सुरक्षित क्वारेन्टाइनमा बस्ने व्यवस्था मिलाउनु पर्ने साथै भविष्यमा हुने परिस्थितिको आंकलन गरि आवश्यक उपकरण, औषधि, PPE, सघन उपचार कक्ष र भेन्टिलेटर आदिको प्रयाप्त व्यवस्था गर्ने र रोगको संक्रमण लाई नियन्त्रण गर्न कोभिड-१९ भाइरस परिक्षणको व्यवस्था प्रत्येक जिल्ला तथा मुकामवाट तुरन्त संचालन गर्नु पर्ने |

२. स्थानीय निकायहरुको सहयोगमा दैनिक ज्यालादारीमा काम गर्ने हात मुख जोड्न असहज भएका श्रमिकहरुको अभिलेख तैयार पारी ति श्रमिकहरु लाई लकडाउन अवधि भर दैनिक रुपमा न्युनतम पारिश्रमिक उपलब्ध गराउने व्यवस्था गर्नु पर्ने र स्थानीय तहको संयन्त्रहरुमा श्रमिक वा ट्रेड युनियनहरुको प्रतिनिधित्व गराउने |

३. सरकारले स्वास्थ्यकर्मीहरुको लागि घोषणा गरेको विमा रकम सराहनीय भए पनि अपर्याप्त भएकोले विमा रकमको अंक बढाई संकटको अवस्थामा जोखिमका साथ काम गर्ने सबै स्वास्थ्यकर्मीहरु लाई बिमाको दायरामा ल्यानु पर्ने|

४. संगठित क्षेत्रको प्रतिष्ठान स्तरमा रोजगारदाताले वा कल्याणकारी कोषवाट यस अवधिको पारिश्रमिक व्यवस्था गर्न भनेकोमा कोष नभएको प्रतिष्ठानको हकमा नेपाल सरकार स्वंमले व्यवस्था गर्नु पर्ने|

५. बैदेशिक रोजगारीमा रही अत्यन्त संकटपूर्ण अवस्थामा रहेका श्रमिकहरु लाई पहिचान गरि स्वदेश आउन चाहने श्रमिक लाई सुरक्षित तवरवाट क्वारेन्टाइनमा राखी क्रमसः फर्किने व्यवस्था मिलाउनु पर्ने|

६. सरकारले लकडाउन मार्फत अतिआवश्यक वाहेकका सबै क्षेत्र बन्द घोषण गरे संगै होटल, पर्यटन ,उधोग व्यवसायहरु बन्द भएको छ र निर्माण ,कृषि ,यातायात , चिया वगान ,इम्ब्रोडरी ,नाई ,साना पसलकर्मी जस्ता लाखौ अनौपचारिक तथा स्वरोजगार श्रमिकहरुका काम बन्द भएका कारण अलपत्र र अप्ठेरोमा परेका सम्पूर्ण श्रमिकहरु लाई सुरक्षित तवरले गन्तब्य सम्म पु-याउने व्यवस्था अभिलम्ब गर्नु पर्ने|

७. लकडाउन अवधिभरको लागि श्रमिक तथा साना स्वरोजगारहरुको घर भाडा अनिवार्य रुपले मिनाहा गर्ने व्यवस्था मिलाउनु पर्ने|

जय नेपाल !

...............................
योगेन्द्र कुमार कुँवर
महासचिव

वोधार्थ :

१. श्री नेपाल सरकार
२. श्री श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
३. श्री प्रदेश सरकारहरु ७ वटै प्रदेश
४. श्री अन्तर्राष्ट्रिय श्रम संगठन (ILO)